Budhanilkantha School

P. O. Box 1018, Kathmandu, Nepal

☎ : 4370249

Principal's Office


मिति : २०८०/१२/१३

च.नं : ७८/२०८०/०८१

श्री शिक्षा, यूवा तथा खेलकूद महाशाखा
बूढानीलकण्ठ नगरपालिका
गोल्फूटार, काठमाडौं ।

**विषय : बूढानीलकण्ठ नगरपालिकाका स्थानीय छात्रवृत्ति कोटा सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा यस बूढानीलकण्ठ स्कुलमा कक्षा ५ देखि आवासीय रूपमा निःशुल्क वा सहुलियत शुल्कमा १ जना छात्र र १ जना छात्रालाई अध्ययनको अवसर प्रदान गर्दै आएको व्यहोरा व्यहोरा जानकारी गराउँदै आगामी शैक्षिक सत्रको लागि मिति २०८०/१२/२९ लिखित प्रतियोगितात्मक परीक्षा हुने भएकोले आवश्यक कायार्थ छात्रवृत्ति परीक्षासम्बन्धी सूचना र आवेदन फाराम यसै साथ संलग्न गरिएको छ ।

प्रति सा.वि.गा. प्याङ्ग
नगरपालिकाको website मा
राख्ने व्यवस्था गरौं
१२।१४

केशर बहादुर खुलाल
प्रिन्सिपल


Tel : 977-1-4371637/4370248 • Website: bnks.edu.np • e-mail: office@bnks.edu.np

Budhanilkantha School
P. O. Box 5019, Kathmandu, Nepal

☎ : 4370249
Principal's Office

# सूचना

शैक्षिक सत्र २०८१ मा पूर्ण शुल्क तिरी कक्षा ५ को लागि प्रवेश परीक्षामा सहभागी भई स्थानिय कोटामा आवेदन दिन चाहने विद्यार्थीका अभिभावकहरुले लिखित निवेदनका साथ स्थानिय निकायको सिफारिस पत्र यही चैत्र २० गते दिउँसो ३ बजेभित्र पेस गर्नु हुन सूचित गरिन्छ ।

केशर बहादुर खुलाल
प्रिन्सिपल

२०८० चैत्र १३

cc:

For Information

# बूढानीलकण्ठ स्कुल तथा साझेदारी कार्यक्रमअन्तर्गतको

# छात्रवृत्ति परीक्षासम्बन्धी सूचना

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत बूढानीलकण्ठ स्कुल, काठमाडौं तथा साझेदारी कार्यक्रममा सहभागी विद्यालयहरूमा कक्षा ५ देखि आवासीय रूपमा निःशुल्क वा सहुलियत शुल्कमा अध्ययनका लागि विपन्न समुदायका जेहेनदार बालबालिकाहरूमध्येबाट छात्रवृत्तिमा छनोटका लागि तपसिल बमोजिमको सूचना प्रकाशित गरिएको छ ।

**१. छनोटका आधार :** वि.सं. २०७०/०१/०१ गतेदेखि २०७१/१२/३० गतेसम्म जन्म भई कम्तीमा कक्षा ३ र कक्षा ४ मा अभिभावकको बसोबास भएको जिल्ला वा छिमेकी जिल्लाको सामुदायिक विद्यालयमा नियमित रूपमा अध्ययन गरी शैक्षिक सत्र २०८० मा कक्षा ४ अध्ययन पूरा गरेका छात्र-छात्रामध्ये भौगोलिक क्षेत्र तथा लक्षित समुदायसमेतको प्रतिनिधित्व हुने गरी लिखित प्रतियोगितात्मक परीक्षाको नतिजाको योग्यताक्रमका आधारमा अन्तर्वार्ताबाट विद्यार्थी छनोट गरिने छ ।

**२. फाराम बुझाउने मिति र समय : २०८० चैत्र २८ गते बुधबार, दिउँसो १:०० देखि ४:०० बजेसम्म तथा**
**२०८० चैत्र २९ गते बिहीबार बिहान ८:०० बजे देखि १०:०० बजेसम्म**

दरखास्त फाराम bnks.edu.np, cehrd.gov.np वा moest.gov.np बाट डाउनलोड गरी रीतपूर्वक भरेर दरखास्त फाराममा तोकिएबमोजिम सिफारिस तथा प्रमाणित गराई आवश्यक कागजातसहित आफ्नो जिल्लालाई तोकिएका परीक्षा केन्द्रमा बुझाउनुपर्ने छ ।

**३. लिखित परीक्षा मिति र समय : २०८० चैत्र २९ गते बिहीबार, बिहान ११:०० बजे ।**

**४. पाठ्यक्रम :** कक्षा ४ मा पढाइ हुने विषयहरू : नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक शिक्षा र सामान्य ज्ञान ४० प्रतिशत वस्तुगत र ६० प्रतिशत विषयगत

**५. बूढानीलकण्ठ स्कुलका निमित्त खुला तथा आरक्षण सिटको सङ्ख्या : ४२ (५०% छात्रा रहने)**

(क) खुला र आरक्षणतर्फ गरी एक जिल्लाबाट एकजनाभन्दा बढी नहुने गरी ४० जना विद्यार्थी छनोट गरिने छ ।

(ख) आरक्षण सिट : लोपोन्मुख -२, दलित -४, मुस्लिम -१, मधेसी- ४, जनजाति - ५ र पिछडिएको क्षेत्र-२

(ग) विद्यालय रहेको स्थानीय तह बूढानीलकण्ठ नगरपालिकाभित्रका - २ जना (एक छात्र र एक छात्रा) ।

६. साझेदारी कार्यक्रमअन्तर्गतका साझेदारी स्कुलका निमित्त उपलब्ध भएसम्म जिल्ला नदोहोरिने गरी जम्मा ७७ जना विद्यार्थी छनोट गरिनेछ । यसमा आरक्षण (दलित -५, मुस्लिम - २, मधेसी - ६, जनजाति - ९, सहिद तथा द्वन्द्वपीडित परिवारका सन्तति र वैदेशिक रोजगारीको कममा मृत्यु भएको परिवारबाट - १ र छात्रा कम्तीमा २६ जना)

**७. साझेदारी कार्यक्रमका सहभागी विद्यालयहरू :**

१. शीतलादेवी माध्यमिक विद्यालय, धनकुटा
२. नवजीवन माध्यमिक विद्यालय, जुटपानी, सर्लाही
३. कुलेश्वर आवास माध्यमिक विद्यालय, कुलेश्वर, काठमाडौं
४. बालमन्दिर माध्यमिक विद्यालय, लुम्ले, कास्की
५. जनता माध्यमिक विद्यालय, पाल्पा
६. वीरेन्द्र विद्यामन्दिर माध्यमिक विद्यालय, टीकापुर, कैलाली

**८. आवेदन दस्तुर :** रु. १००/- (एक सय मात्र) ।

९. परीक्षा केन्द्रहरू :

| क.सं. | परीक्षा केन्द्र, ठेगाना | परीक्षा केन्द्रमा सहभागी हुन पाउने जिल्लाहरू |
|---|---|---|
| १. | फिदिम मा.वि., फिदिम, पाँचथर | ताप्लेजुङ, पाँचथर र इलाम |
| २. | देवी मा.वि., बिर्तामोड, झापा | इलाम, झापा र मोरङ |
| ३. | वसन्त मा.वि., वसन्तपुर ,तेह्रथुम | धनकुटा, भोजपुर, तेह्रथुम र सङ्खुवासभा |
| ४. | जनता मा.वि., इटहरी, सुनसरी | उदयपुर, सुनसरी, मोरङ, सोलुखुम्बु र भोजपुर |
| ५. | हर्कपुर मा.वि., हर्कपुर (घुर्मी), उदयपुर | ओखलढुङ्गा, सोलुखुम्बु, खोटाङ, उदयपुर र भोजपुर |
| ६. | पशुपति आदर्श मा.वि., लहान, सिराहा | सिराहा, उदयपुर र सप्तरी |
| ७. | सरस्वती मा.वि., जनकपुरधाम, धनुषा | धनुषा, सिन्धुली, सर्लाही र महोत्तरी |
| ८. | जनज्योति मा.वि. चन्द्रनिगाहपुर, रौतहट | रौतहट, पर्सा, बारा र सर्लाही |
| ९. | जनज्योति मा.वि., गोलन्जोर, खुर्कोट, सिन्धुली | सिन्धुली, रामेछाप र दोलखा |
| १०. | आधुनिक राष्ट्रिय मा.वि., हेटौंडा, मकवानपुर | मकवानपुर, पर्सा, चितवन, धादिङ र ललितपुर |
| ११. | दुलालेश्वर मा.वि., भुम्लु, दोलालघाट, काभ्रेपलान्चोक | काभ्रेपलान्चोक, दोलखा, रामेछाप र सिन्धुपाल्चोक |
| १२. | पृथ्वी मा.वि, बिदुर, नुवाकोट | नुवाकोट, धादिङ र रसुवा |
| १३. | बूढानीलकण्ठ स्कुल, काठमाडौं | काठमाडौं, भक्तपुर, ललितपुर, नुवाकोट, धादिङ र सिन्धुपाल्चोक |
| १४. | पवित्रा मा.वि., नाहाला, डुम्रे, तनहुँ | तनहुँ, गोरखा, मनाङ, लमजुङ, नवलपरासीपूर्व र चितवन |
| १५. | संस्कृत मा.वि., बगर, पोखरा, कास्की | कास्की, स्याङ्जा, लमजुङ, तनहुँ, पर्वत र मनाङ |
| १६. | बेनी सामुदायिक मा.वि., बेनी, म्याग्दी | बागलुङ, मुस्ताङ, पर्वत, म्याग्दी र मनाङ |
| १७. | आदर्श मा.वि., परासी, नवलपरासी पश्चिम | रूपन्देही, कपिलवस्तु, नवलपरासी पूर्व, नवलपरासी पश्चिम र चितवन |
| १८. | राष्ट्रिय मा.वि. भालुवाङ, देउखुरी, दाङ | दाङ, सल्यान, प्युठान, रोल्पा, रुकुम पूर्व, अर्घाखाँची र कपिलवस्तु |
| १९. | जनता मा.वि., तानसेन, पाल्पा | रूपन्देही, पाल्पा, कपिलवस्तु, गुल्मी, स्याङ्जा, र अर्घाखाँची |
| २०. | सरस्वती मा.वि., नेपालगन्ज, बाँके | बाँके, बर्दिया, सल्यान र डोल्पा |
| २१. | शीतल मा.वि., चौरजहारी, रुकुमपश्चिम | रुकुम पश्चिम, रुकुम पूर्व, जाजरकोट, सल्यान र डोल्पा |
| २२. | नेपाल राष्ट्रिय मा.वि., बडाखोली, वीरेन्द्रनगर, सुर्खेत | सुर्खेत, सल्यान, कालिकोट, जुम्ला, डोल्पा, दैलेख र जाजरकोट र अछाम |
| २३. | मानसरोवर मा.वि.,सिमिकोट, हुम्ला | हुम्ला |
| २४. | महाकाली मा.वि., गमगढी, मुगु | बाजुरा, जुम्ला, कालिकोट र मुगु |
| २५. | दुर्गालक्ष्मी नमुना मा.वि., अत्तरिया, कैलाली | कैलाली, बर्दिया, कञ्चनपुर, डडेलधुरा र डोटी |

| | | |
|---|---|---|
| २६. | कृष्ण मा.वि., पाटन, बैतडी | डडेलधुरा, बैतडी, दार्चुला र बझाङ |
| २७. | जनकल्याण मा.वि., साँफेबगर, अछाम | अछाम, डोटी, बझाङ र बाजुरा |

Budhanilkantha School * Kathmandu, Nepal * 1972

## १०. दरखास्त साथ पेस गर्नुपर्ने कागजातहरू :

(१) तोकिए बमोजिमको दरखास्त फारामका साथ देहायका कागजातहरू पेस गर्नुपर्ने छ :

(क) माग गरिएको विवरण भरी तोकिएबमोजिमका व्यक्ति (सम्बन्धित प्रधानाध्यापक र स्थानीय तहको शिक्षा प्रमुख) बाट प्रमाणित गरिएको दरखास्त फाराम,

(ख) स्थानीय तहले आमा-बाबु/संरक्षकको मासिक आम्दानीसमेत खुलाई दिएको विपन्नताको सिफारिसपत्र,

(ग) स्थानीय पञ्जिकाधिकारीले प्रदान गरेको विद्यार्थीको जन्मदर्ताको प्रमाणपत्र

(घ) स्थानीय तहबाट अभिभावक र विद्यार्थीसँगको नाता खुलाइएको पत्र

(ङ) अभिभावक/संरक्षकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

स्पष्टीकरण : अभिभावक भन्नाले हजुरबुबा, हजुरआमा, बाबु, आमा, दाजु वा दिदीलाई जनाउँछ ।

(ङ) अघिल्ला २ शैक्षिक सत्रको कक्षा, विद्यालय कोड, विद्यार्थी ID सहित अद्यावधिक IEMIS मा भएको विद्यार्थीको सम्बन्धित विद्यालयहरूबाट प्रमाणित विवरण ।

(च) आरक्षित स्थानमा उम्मेदवार हुन चाहने देहायका समूहका व्यक्तिले दरखास्त साथ देहायबमोजिमको निकायको सिफारिसपत्र :

अ) जनजातिको हकमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

आ) दलितको हकमा राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

इ) मधेसी समुदायको हकमा मधेसी आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

ई) मुस्लिम समुदायको हकमा मुस्लिम आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

उ) बेपत्ता पारिएका व्यक्ति वा सहिद परिवार तथा घाइते वा निजको सन्तति (छोरा-छोरी) को हकमा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

ऊ) पिछडिएको दुर्गम क्षेत्रका हकमा सम्बन्धित स्थानीय तहबाट हालसम्म सोही स्थानमा स्थायी बसोबास रहेको र निज विद्यार्थीले कक्षा ३ र ४ सामुदायिक विद्यालयमा अध्ययन गरेको भनी खुलाइएको ।

(२) तोकिएको परीक्षा केन्द्रमा परीक्षाका लागि निर्धारित दिनमा सम्बन्धित अभिभावकले परीक्षा सञ्चालन टोलीसमक्ष दरखास्त फाराम तथा आवश्यक कागजातहरू पेस गर्नुपर्ने छ ।

## ११. दरखास्त फाराम भर्दा ध्यान दिनुपर्ने कुराहरू :

(१) सम्बन्धित अभिभावकको एक सन्तान बूढानीलकण्ठ स्कुलमा अध्ययनरत भएमा निजको अर्को सन्तानलाई बूढानीलकण्ठ स्कुलको हकमा छात्रवृत्ति प्रदान गरिने छैन ।

(२) छात्रवृत्ति छनोट समितिले परीक्षामा सामेल विद्यार्थीका अभिभावकको निश्चित आय सीमा निर्धारण गरी फाराम स्वीकृत वा अस्वीकृत गर्नसक्ने छ ।

(३) जिल्लालाई तोकिएका केन्द्रहरूबाहेक अन्य केन्द्रबाट परीक्षा दिन पाइने छैन । जिल्ला भन्नाले विद्यार्थी कक्षा ४ मा अध्ययन गरिरहेको सामुदायिक विद्यालय रहेको जिल्ला सम्झनु पर्छ ।

(४) रीतपूर्वक नभरिएको फाराम स्वतः रद्ध हुने छ ।

(५) नेपाल सरकारको उपसचिव वा सो सरह र सोभन्दा माथिको पदमा कार्यरत कर्मचारीको छोरा छोरीले छात्रवृत्ति छनोट परीक्षामा सहभागी हुन सक्ने छैनन् ।

सङ्केत नं .............

## छात्रवृत्ति छनोट समिति

(बूढानीलकण्ठ स्कुल, काठमाडौं तथा साझेदारी कार्यक्रम)

**शैक्षिक सत्र २०८१ मा कक्षा ५ मा छात्रवृत्तिमा भर्नाका लागि दरखास्त फाराम**

विद्यार्थीको फोटो

### खण्ड - क (विद्यार्थीका अभिभावकले भर्ने)

१. विद्यार्थीको नाम, थर (नेपालीमा) : ....................................................................................

२. विद्यार्थीको नाम, थर (अङ्ग्रेजीमा) : (एउटा कोठामा एउटा मात्र अक्षर लेख्नुहोस् । नाम र थरका बिचमा एउटा कोठा खाली छोड्नुहोस् ।)

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

३. जन्ममिति : २०....../..../.... ( साल/महिना/गते)
(२०७०/०१/०१/ गतेदेखि २०७१/१२/३० गतेसम्म जन्मेको हुनुपर्ने)

४. छात्र ☐ छात्रा ☐

५.

| विद्यार्थीले कक्षा ३ अध्ययन गरेको सामुदायिक विद्यालयको | विद्यार्थीले कक्षा ४ अध्ययन गरेको सामुदायिक विद्यालयको |
|---|---|
| नाम :........................................................... | नाम :........................................................... |
| जिल्ला :........................................................ | जिल्ला :........................................................ |
| पालिका : ....................................... वडा : .......... | पालिका : ....................................... वडा : .......... |
| उत्तीर्ण साल : ....................... | उत्तीर्ण साल : ....................... |

६.

| | |
|---|---|
| विद्यार्थीका बाबुको नाम : ....................................... | विद्यार्थीको आमाको नाम : ....................................... |
| स्थायी ठेगाना : ................................................ | स्थायी ठेगाना : ................................................ |
| मोबाइल नं : ................................................... | मोबाइल नं : ................................................... |
| पेसा : ............................................................ | पेसा : ............................................................ |
| नोकरी भएमा पद : ............................................ | नोकरी भएमा पद : ............................................ |
| कार्यालयको नाम : ............................................ | कार्यालयको नाम : ............................................ |
| कार्यालयको ठेगाना : ......................................... | कार्यालयको ठेगाना : ......................................... |

७. बाबु/आमा नभएमा अभिभावक/संरक्षकको नाम : ........................................ विद्यार्थीसँगको नाता : ...................
मोबाइल नं : ......................................

८. आरक्षण गरिएका समूहमा आवेदन गर्ने परीक्षार्थीले सम्बन्धित समूहका कोठामा √ चिन्ह लगाउनुहोस् :

☐ लोपोन्मुख जाति ☐ दलित ☐ मुस्लिम ☐ मधेसी ☐ जनजाति ☐ पिछडिएको क्षेत्र
☐ सहिद तथा द्वन्द्वपीडित परिवारका सन्तति वा वैदेशिक रोजगारीको क्रममा मृत्यु भएको परिवार
☐ बू.न.पा.

९. के तपाईंको कुनै सन्तान हाल बूढानीलकण्ठ स्कुलमा अध्ययनरत छ ? ☐ छ ☐ छैन

यदि छ भने निजको नाम : ..........................................................रोल नं : .............कक्षा :................

Budhanilkantha School Kathmandu, Nepal

१०. पारिवारिक आयविवरण (परिवारका सबै सदस्यको आयसमेत जोडेर लेख्नुहोस् :

| विवरण | वार्षिक आय (परिवारले उपभोग गर्ने खर्च नकटाईकनै) |
|---|---|
| १. मजदुरीबाट (वर्षभरिको आय) | रु. ................................ |
| २. कृषि उत्पादनबाट (वर्षभरिको आय) | रु. ................................ |
| ३. पशुपालनबाट (वर्षभरिको आय) | रु. ................................ |
| ४. उद्योग र व्यापारबाट (वर्षभरिको आय) | रु. ................................ |
| ५. नोकरीबाट (वर्षभरिको आय) | रु. ................................ |
| ६. पेन्सनबाट (वर्षभरिको आय) | रु. ................................ |
| ७. घर भाडाबाट (वर्षभरिको आय) | रु. ................................ |
| ८. वैदेशिक रोजगारीबाट (वर्षभरिको आय) | रु. ................................ |
| ९. अन्य | रु. ................................ |
| **जम्मा वार्षिक आय :** | रु. ................................ |

११. विद्यार्थीको परिवारका सदस्यका नाममा रहेको घर/जग्गा/ कलकारखाना/व्यवसायको विवरण :

घर : सङ्ख्या : ........................... घर भएको ठाउँ .................................. अन्दाजी मूल्य रु . ................

जग्गा : तराईमा ..........(बिगाहा/कट्ठा) पहाडमा .........(रोपनी) अन्य सहरी क्षेत्रमा (ठाउँ) : ......................(रोपनी)

कलकारखाना/व्यवसाय भए खुलाउनुहोस् : .......................

१२. विद्यार्थीको परिवारका सदस्य सङ्ख्या (सगोलमा बस्ने आमा/बाबु/दाजु/भाइ सबैको छुट्टाछुट्टै सङ्ख्या) खुलाउनुहोस् :

.............................................................................................................................................

१३. माथिका विवरणबाहेक तपाईंको अन्य कुनै विशेष स्थितिबारे प्रकाश पार्नुपरेमा सो विवरण तल दिनुहोस् :

.............................................................................................................................................

.............................................................................................................................................

माथि लेखिएको विवरण र संलग्न गरिएका कागजातहरू सबै सत्य र सही छन्, भुट्टा ठहरे यो फाराम रद्ध गरेमा वा जुनसुकै बखतमा छात्रवृत्तिबाट हटाएमा मलाई मन्जुर छ, साथै प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

फाराम भर्ने अभिभावक/संरक्षकको
दस्तखत : ......................

मिति : .....................

**औंठाको छाप**

| | |
|---|---|
| | |

नाम,थर : ..........................

विद्यार्थीसँगको नाता : ...................

नागरिकता नम्बर : ......................

जारी गरेको जिलला : ...................

## खण्ड ख (सम्बन्धित प्रधानाध्यापकले भर्ने)

माथि १ नं मा उल्लिखित ........................................................................ नाम गरेका विद्यार्थी यस विद्यालयमा .................. सालमा कक्षा ....... मा भर्ना भई निरन्तर अध्ययनरत छन्। निज विद्यार्थीले शैक्षिक सत्र २०८० मा विद्यालयमा पठन-पाठन भएका .......... दिनमध्ये ........... दिन विद्यालयमा उपस्थित भई कक्षा ४ अध्ययन गरेका छन्। विद्यालयको अभिलेख अनुसार विद्यार्थीको IEMIS Registration ID No.देहाय बमोजिम रहेको छ :

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | |

उनी गरिब तथा जेहेनदार विद्यार्थी भएको हुँदा छात्रवृत्तिका लागि सिफारिस गर्दछु।

विद्यालयको छाप

प्रमाणित गर्ने प्रधानाध्यापकको

हस्ताक्षर : .............................................. मिति : ...............................

नाम, थर : ..................................................

मोबाइल नं : .............................................. (अनिवार्य)

इमेल ठेगाना : .........................................................

विद्यालयको IEMIS ID No :

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

विद्यालयको नाम : ......................................................................

ठेगाना : ................................... जिल्ला : ...........................पालिका, ............. वडा , .................टोल

## खण्ड ग (सम्बन्धित स्थानीय तहको शिक्षा प्रमुखले भर्ने)

माथि प्रधानाध्यापकले उल्लेख गरे बमोजिमका विद्यार्थी ..........................................................................ले श्री.......................................................................... सामुदायिक विद्यालयको कक्षा ४ मा अध्ययन गरेको व्यहोरा प्रमाणित गर्दै छात्रवृत्तिका लागि सिफारिस गर्दछु।

सिफारिस गर्ने शिक्षा प्रमुखको

कार्यालयको छाप

दस्तखत : .............................................. मिति : ...........................

नाम, थर : ..................................................

पद : ..............................................................

मोबाइल नं : ................................... इमेल ठेगाना : ...................................

स्थानीय तहको नाम : .......................................................................... जिल्ला : ................................

Budhanilkantha School
Kathmandu, Nepal

# बूढानीलकण्ठ स्कुल, काठमाडौं तथा साझेदारी कार्यक्रमअन्तर्गतको छात्रवृत्ति छनोट परीक्षा

विद्यार्थीको फोटो

## प्रवेश पत्र/रसिद

विद्यार्थीको नाम : ..........................................................................

जिल्ला : ......................................................................................

फाराम शुल्क : रु १००/-

मिति : २०८०/१२/२८

..................
टोली प्रमुख